कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड

# Sanima Middle Tamor Hydropower Limited

रजिष्टर्ड ठेगानाः कामनपा-४, शंखपार्क, धुम्बाराही, काठमाण्डौ, नेपाल ।
फोन नं.०१४३७२८२८, ४३७३०३०, ४०१५७८८
इमेलः middletamor@sanimahydro.com, वेबसाइटः www.middletamor.com
को

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री बन्द गरिएको बारे सूचना

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजीको १५% अर्थात रु. ४९,९८,७५,०००/– (अक्षरेपी उनान्पचास करोड अन्ठान्नब्बे लाख पचहत्तर हजार रुपैंया मात्र) रकम बराबर सर्वसाधारणलाई छुट्याइएको प्रति शेयर रु. १००/- अंकित दरको ४९,९८,७५० कित्ता शेयरको १०% अर्थात ४,९९,८७५ कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुको लागि मिति **२०७९ माघ ०४ गतेदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०७९ माघ १८ गते (बैकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारिक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य आज मिति २०७९ माघ १८ गते (बैकिङ्ग समय पश्चात्) बन्द गर्नुहुन अनुरोध गर्दछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकायहरु तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं।

## आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरूको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला भई रहेको बारेको सूचना

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु. ३,३३,२५,००,००० (अक्षरेपी तीन अर्ब तेत्तिस करोड पच्चीस लाख मात्र) को १०% अर्थात रु. ३३,३२,५०,०००/– (अक्षरेपी तेत्तिस करोड बत्तिस लाख पचास हजार रुपैंया मात्र) रकम बराबरको प्रति शेयर रु.१००/- अंकित दरको ३३,३२,५०० कित्ता शेयरको ४० प्रतिशत अर्थात १३,३३,००० कित्ता शेयर आयोजना अति प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्ला फुङलिङ नगरपालिका वडा नं. १, २, ९ र १०, फक्ताङलुङ गाउँपालिका वडा नं. १, मिक्वाखोला गाउँपालिका वडा नं. १ र २, मेरिङदेन गाउँपालिका वडा नं. २ र ३, आठराई त्रिवेणी गाउँपालिका वडा नं. ५ तथा मैवाखोला गाउँपालिका वडा नं. १ मा बसोवास गर्ने नेपाली नागरिकहरुलाई र ६० प्रतिशत अर्थात १९,९९,५०० कित्ता शेयर आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्लाका स्थानीय बासिन्दाहरुको लागि **मिति २०७९ माघ ०४ गतेदेखि** निष्काशन तथा बिक्री खुल्ला भई रहेको व्यहोरा सहर्ष जानकारी गराउँदछौं। साथै, माग भन्दा बढी संख्यामा आवेदन प्राप्त हुन आएमा मिति २०७९ फाल्गुण ०४ गते अगावै निष्काशन तथा बिक्री बन्द गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या: १० कित्ता | दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : २०,००० कित्ता |
|---|---|

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने ।**

| क्र.सं. | विवरण पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान : |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड, सम मार्ग ,नक्साल, काठमाण्डौ र website: www.sanima.capital |
| २. | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड, शंखपार्क, धुम्बाराही, काठमाण्डौ र website: www.middletamor.com |
| ३. | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको आयोजनास्थल, प्रदेश नं. १, ताप्लेजुङ्ग जिल्ला, फुङलिङ नगरपालिका वडा नं.१० |
| ४. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र website: www.sebon.gov.np |

**आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम बुझिलिने व्यवस्था गरिएको छ :**

| क्र.सं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने संकलन केन्द्रको नाम | ठेगाना |
|---|---|---|
| १. | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | फुङलिङ नगरपालिका १०, सिम्ले, ताप्लेजुङ्ग |
| २. | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | मिक्वाखोला गाउँपालिका २, थुम्बाबेशी, ताप्लेजुङ्ग |
| ३. | सानिमा बैंक लिमिटेड | फुङलिङ नगरपालिका ५, फुङलिङ बजार, ताप्लेजुङ्ग |
| ४. | लक्ष्मी बैंक लिमिटेड | फुङलिङ नगरपालिका ५, फुङलिङ बजार, ताप्लेजुङ्ग |
| ५. | लक्ष्मी बैंक लिमिटेड | पाथिभरा याङवरक गाउँपालिका २, ताप्लेजुङ्ग |
| ६ | ग्लोबल आई.एम.ई. बैंक लिमिटेड | फक्ताङलुङ गाउँपालिका ५, तापेथोक, ताप्लेजुङ्ग |
| ७. | सनराइज बैंक लिमिटेड | मैवाखोला गाउँपालिका ३, ताप्लेजुङ्ग |
| ८. | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | फुङलिङ नगरपालिका ५, बिरेन्द्र चोक, ताप्लेजुङ्ग |
| ९. | नेपाल बैंक लिमिटेड | सिरिजङ्घा, ताप्लेजुङ्ग |
| १०. | सानिमा क्यापिटल लिमिटेड | सम मार्ग, नक्साल, काठमाण्डौ |

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले शेयर खरीद आवेदन फाराम प्राप्त गर्नका लागि प्रति दरखास्त फाराम वापत रु. २/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ।

**नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा आस्बा मार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको ।**

| धितोपत्र निष्काशन बन्द हुने मिति (ढिलोमा): | २०७९/११/०४ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
|---|---|

**संस्थापक, संचालक तथा निजको एकाघर परिवारका सदस्यले यस निष्काशनमा आवेदन दिन पाइनेछैन ।**

नोटः आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई बिक्री वितरण गरेको शेयर, सर्वसाधारणका लागि निष्काशन गरेको शेयरहरु बाँडफाँड भएको मितिले तिन बर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

### नेटवर्थ सम्बन्धी विवरण

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व २०७६/२०७७ | आ.व २०७७/२०७८ | आ.व २०७८/२०७९ | आ.व २०७९/२०८० आश्विन मसान्त | आ.व २०७९/२०८० | आ.व २०८०/२०८१ | आ.व २०८१/२०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०६.१८ | १००.६५ | ९८.४३ | ९८.१५ | ९६.८२ | १०६.७५ | ११९.५४ |
| प्रति शेयर आम्दानी (रु.) | (२.८५) | (१.२९) | (२.२६) | (०.२८) | (१.९९) | ९.९३ | १२.८० |
| संचित नाफा (नोक्सान) रु. हजारमा | ४४,८५० | १४,६८६ | (३९,७५५) | (४६,६९९) | (१०६,०४६) | २२४,७९६ | ६५१,२०३ |

### प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण:

सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित मध्य तमोर जलविद्युत आयोजना (७३ मे.वा.) को निर्माण अवधिको ब्याज सहित (IDC) प्रति मेगावाट लागत रु.१८,२६,०२,७४०/- (अक्षरेपी अठार करोड छब्बिस लाख दुई हजार सात सय चालिस मात्र) तथा कुल लागत रु. १३ अर्व ३३ करोड अनुमान गरिएको छ।

### विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्वन्धी विवरण

इजाजतपत्र वहाल रहने अवधि मिति २०७४/०२/२२ देखि २११०/०२/२१ सम्म रहेकोले २९ वर्ष ८ महिना बाँकि रहेको छ।

### परियोजनाको लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्वन्धी विवरण

साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ६.७३ वर्ष र
डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १३.३६ वर्ष रहेको छ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

**यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपाल लिमिटेड, काठमाण्डौबाट मिति २०७८/१२/२३ मा क्रेडिट रेटिङ्ग गराई "[CARE-NP-BB (Is) [Double B (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ। "[CARE-NP-BB (Is) [Double B (Issuer)]" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम (high risk of default regarding timely servicing of financial obligations, in Nepal) रहेको भन्ने बुझिन्छ। Care Ratings Nepal Limited ले "CARE-NP AAA (Is)" देखि "CARE-NP D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग "CARE-NP AAA (Is)" ले सकारात्मक आधार जनाउाछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरू जनाउँछ।**

**रेटिङ्ग प्रदान गरेको मिति : अप्रिल ०५, २०२२** **बहाल रहने अवधिः अप्रिल ०४, २०२३**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०७९ पौष २५ गतेको "**कारोबार**" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेबसाइटः www.middletamor.com, नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटः www.sanima.capital मा रहेको "विवरण-पत्र" हेर्नुहुन अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

**SanimaCapital**

(A wholly owned subsidiary of Sanima Bank Ltd.)

रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल, काठमाण्डौ, नेपाल, फोन नं.: ०१-४५४०५०८
Email: sanimacapital@sanimabank.com, Website: www.sanima.capital

मिति २०७९/१०/१८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशन गरिने।